# प्रेश विज्ञप्ती

## कालिका पावर कम्पनी लि.को सर्वसाधारणमा निष्कासन गरिएको शेयर निष्कासनको बाँडफाँट सम्बन्धमा

काठमाण्डौं क्यापिटल मार्केट लिमिटेडको निष्कासन तथा विक्री प्रवन्धक तथा ग्लोबल आइएमई क्यापीटल लिमिटेडको सह-निष्कासन तथा विक्री प्रवन्धकमा निष्कासन भएको **श्री कालिका पावर कम्पनी लिमिटेड** को प्रति शेयर रु.१००/- अंकित दरका १२,००,००० कित्ता साधारण शेयर मध्ये ६०,००० कित्ता शेयर सामूहिक लगानी कोषको लागि बाँडफाँट भइसकेको र २४,००० कित्ता शेयर कर्मचारीहरुको लागि सुरक्षित गरी बाँकी रहेको ११,१६,००० कित्ता शेयर सर्वसाधारणमा निष्कासनका लागि नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/०५/०३ गतेका दिन स्वीकृती प्राप्त भई मिति २०७५/०५/२८ गतेदेखि मिति २०७५/०६/०१ गतेसम्म सर्वसाधारणहरुमा खरिद आव्हान गरिएकोमा नेपाल धितोपत्र वोर्डबाट स्वीकृति प्राप्त सम्पूर्ण C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुबाट कुल १,१८,९५६ जना आवेदकहरुबाट जम्मा ८०,०६,९९० कित्ताको लागि आवेदन प्राप्त भएको थियो ।

साथै कर्मचारीहरुका लागि संरक्षण गरिएको शेयर कर्मचारीहरुबाट सम्पूर्ण शेयर विक्री नभई बाँकी रहेको १५,७७० कित्ता शेयर समेत सर्वसाधारणमा समायोजन गरी कूल जम्मा ११,३१,७७० कित्ता शेयर रितपुर्वक आवेदन दिनु हुने जम्मा १,१८,८१० जना आवेदकहरु मध्ये गोला प्रथाद्वारा जम्मा १,१३,१७७ जना आवेदकहरुमा कूल जम्मा ११,३१,७७० कित्ता शेयर आज मिति २०७५/०६/१० गते बुधबार विहान ८:०० बजे सह- निष्कासन तथा विक्री प्रबनधक ग्लोबल आइएमई क्यापीटल लि.को कार्यालय, जमल, काठमाण्डौंमा कम्पनी रजिष्ट्रारको कार्यालय, निष्कासन कम्पनी, निष्कासन तथा विक्री प्रवन्धक, सह-निष्कासन तथा विक्री प्रवन्धक र प्रोफेशनल कम्प्युटर सिस्टम प्रा.लि. का प्रतिनिधिहरुको उपस्थितिमा बाँडफाँट गरियो ।

उक्त बाँटफाँटको नतिजा निष्कासन तथा विक्री प्रवन्धक श्री काठमाण्डौं क्यापिटल मार्केट लि.को वेभसाइट www.kcml.com.np, सह-निष्कासन तथा विक्री प्रवन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेडको वेभसाइट www.globalimecapital.com तथा निष्कासन कम्पनीको वेभसाइट www.kalikagroup.com मा उपलब्ध गराइएको व्यहोरा समेत जानकारी गराइन्छ ।

काठमाण्डौ क्यापिटल मार्केट लि.
Kathmandu Capital Market Ltd.

Global IME Capital Limited

दिनेश प्रसाद खतिवडा
प्रमुख कार्यकारी अधिकृत
काठमाण्डौं क्यापिटल मार्केट लि.

पारस मणी ढकाल
प्रमुख कार्यकारी अधिकृत
ग्लोबल आइएमई क्यापीटल लि.

मिति:२०७५/०६/१०